# नेपाल बीमा प्राधिकरण

पदपूर्ति समिति

## कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवा सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति २०७९।८।२३)

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम नेपाल बीमा प्राधिकरण कर्मचारी सेवा, शर्त विनियमावली, २०६८ को विनियम १४ बमोजिम तपसिलका पदमा कार्यक्षमताको मूल्यांकनको आधारमा हुने बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको सेवा अवधि र शैक्षिक योग्यता पूरा गरेका सम्भाव्य उम्मेदवारहरुले मिति २०७९।९।२४ गते (यो सूचना गोरखापत्रमा प्रकाशन भएको मितिले ३० दिन) भित्र बीमा प्राधिकरण, मानव संशाधन शाखा, कुपण्डोल, ललितपुरमा दरखास्त पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नम्बर | पद | श्रेणी | सेवा, समूह | माग पद संख्या | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|---|---|---|
| १ | १/२०७९-८० | उपनिर्देशक | अधिकृत द्वितीय | प्रशासन | ५ (पाँच) | नेपाल बीमा प्राधिकरण कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम ५७ बमोजिमको सेवा अवधि पूरा गरेको र विनियम २० तथा अनुसूची ६ बमोजिम शैक्षिक योग्यता पूरा गरेको । |
| २ | २/२०७९-८० | सहायक निर्देशक | अधिकृत तृतीय | प्रशासन | १ (एक) | |

**द्रष्टव्यः**

(क) दरखास्त फाराम नेपाल बीमा प्राधिकरणको वेबसाइट nib.gov.np बाट download गर्नुपर्नेछ,
(ख) उम्मेदवारले दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनुपर्नेछ,
(ग) विदेशी संस्थाबाट शैक्षिक योग्यताको प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरुले दरखास्त दिने अन्तिम मिति भित्र सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराएको हुनु पर्नेछ,
(घ) नेपाल बीमा प्राधिकरण कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम ५८ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्दछ,
(ङ) तोकिएको अवधिभित्र दरखास्त पेश नगरेमा त्यस्तो उम्मेदवारलाई सम्भाव्य उम्मेदवारको रुपमा समावेश गरिने छैन,
(च) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा नेपाल बीमा प्राधिकरण कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम ५७ बमोजिमको सेवा अवधि र योग्यता पूरा गरेको हुनुपर्नेछ,
(छ) नबिल बैंकमा रहेको नेपाल बीमा प्राधिकरणको चल्ती खाता नं. ०११००१३०११००१ मा दरखास्त दस्तुर बापत अधिकृत द्वितीय श्रेणीको पदको लागि रू. १२००।– (एक हजार दुई सय) र अधिकृत तृतीय श्रेणीको पदको लागि रू. १०००।– (एक हजार) जम्मा गरी सो को सक्कलै भौचर दरखास्त फारामसाथ सम्लग्न गर्नु पर्नेछ,
(ज) आवश्यक न्यूनतम योग्यता पूरा नभएको, रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

सदस्य सचिव
पदपूर्ति समिति